“सात तालको वगैचा शहर ”

**“The Garden City of Seven Lakes”**

# विशेष नगरपरिषद्बाट पारित निती

***

***

***

***

***

***

***

***

# लेखनाथ नगरपालिका

## तालचोक, कास्की

२०७२ भाद्र २७

# लेखनाथ नगरपालिकाको बिशेष नगरपरिषद्को निर्णयहरु

निर्णय नं. १ यसपुर्व नगपालिकाबाट नक्शा पास भै बनेका घरहरुको लागि बस्ती बिकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्गदर्शन २०७२ को शर्तहरु (Set Back) पुरा गरेपछि मात्र तला थप स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं. २ यस पुर्व निर्माण स्वीकृत भै बनेका घरमाथि तला थप अनुमति दिने सम्बन्धमा Structural Engineer तथा Civli Engineer को सिफारिस सहित तला थप गर्न मिल्ने भनि आएमा मात्र तला थप स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं. ३ कच्चि घर (फर्म, गोदाम, टहरा) १००० वर्ग फिट भन्दा बढि भएमा Ground Coverage ratio पुरा गरि सामान्य इन्जिनियरिङ्ग प्रबिधि अप्नाई बनाउन दिने गरि नक्शा पास गर्ने निर्णय गरियो साथै ग्रामिण पहाडि ईलाकामा कच्चि ५००.० बर्गफिट सम्मको भवनलाई सामान्य अस्थायी नक्शापास गरि निर्माण कार्य स्वीकृत गर्न दिने तर समथर भागका कच्चि घर निर्माण गर्न मापदण्ड बमोजिमको बाटो भएकोमा मात्र नियमानुसार (अस्थाई, स्थायी) सम्पन्न दिने व्यबस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ एउटा घडेरीको प्रयोजनका लागि निजको मुख्य बाटो सम्मको निकास कम्तीमा २.२५ मी र बढिमा ४० मी. सम्मको लम्वाई भएमा मात्र घडेरीलाई बाटो सँग जोडिएको मानि नक्शा पास गर्ने अन्यथा नगर्ने निर्णय गरियो ।

निर्णय नं. ५ मुख्य बाटोबाट भित्र बाटो खोल्दा वा खोलेको बाटोमा बाटो खोल्ने पक्षले नै सेट ब्याक र ROW पुर्‍याउनु पर्ने निर्णय गरियो ।

निर्णय नं. ६ झ्याल राख्ने प्रयोजनका लागि दाया बाया कम्तीमा १.०/१.० मी छाडनु पर्ने तर दाया बाया नछाडने भएमा जग बिम तथा उपयुक्त इन्जिनियरिङ्ग प्रबिधि अनिवार्य रुपमा प्रयोग गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. ७ यस नगरपालिकामा २०७२/०२/०४ गते पुर्व दर्ता भई राजश्व समेत तिरीसकेका घरहरुको हकमा यस पुर्वकै नियम बमोजिम नियमीत नक्शापास तथा सम्पन्न प्रमाण पत्र दिने तर नियमानुसार जरिवानाको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ सटर भएका ब्यापारिक प्रयोजनका घरहरुमा २१ औं नगर परिषदको निर्णयमा सवै तलाहरुको राजश्वमा थप रु २।- नक्शापास दस्तुर कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ साबिक भरतपोखरी गा.बि.स नगरपालिकामा गाभिनु पुर्व बनेका घरहरुलाई चालु राजश्वमा ५० % छुट दिई स्थलगत मुचुल्का र वडाको सिफारिसको आधारमा चालु आ.ब. भरि नगरपालिकमा गाभिनु पुर्व बनेको प्रमाणित सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं. १० लेखनाथ नगरपालिकाको जग्गा बिकास मापदण्ड २०७२ लागु हुनु पुर्व बनेका बाटो न्युनतम मापदण्ड पुगेका, फिल्डमा वा नापी नक्शामा कित्ता मात्र काट भएका प्लटिङ्गहरुलाई नियमानुसार लाग्ने दस्तुर लिई नियमीत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ नगरपालिकमा भै रहेका तपशिल बमोजिमका मापदण्डहरुलाई तपशिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| **सि.नं.** | **यस पुर्व भएको मापदण्ड सडकको केन्द्र बिन्दुवाट (फिटमा)** | **परिमार्जित सडक मापदण्ड सडकको केन्द्र बिन्दुवाट + सेट ब्याक (मिटरमा)** | **कैफियत** |
|---|---|---|---|
| १ | ८२’ | २५+२ | |
| २ | ५०’ | १५+२ | |
| ३ | - | ९+२ | |
| ४ | ३०’ | ८+२ | |
| ५ | २६’ | ७+२ | नहर भएमा आफनो साईडको बाटो बाहिरी डिलबाट |
| ६ | २०’ | ५+२ | |
| ७ | १५’ | ४.५+२ | |
| ८ | १३’ | ३+२ | |
| ९ | १०’ | ३+२ | |

द्रष्टब्य : उपरोक्त मध्ये सि.नं. ३ मा शिशुवा डाडाको नाक वगादि खोला खण्ड तथा वरालथर तागाको मुख खण्डलाई समाबेश गर्ने ।

निर्णय नं. १२ साबिक भरतपोखरी गा.बि.स. हाल लेखनाथ नगरपालिका वडा नं. १६, १७ र १८ का लागि तपशिल बमोजिमको संशोधित मापदण्ड बमोजिम नक्शा पास गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | सडकको नाम | हालको मापदण्ड | संसोधन सहित प्रस्तावित मापदण्ड ROW + Set Back | कैफियत |
|---|---|---|---|---|
| १ | दोविल्ला वागमारा तिक्लाङ्ग वाँदरकोट लामगादि छप्लाङ्ग ऊपल्लो पुँडिटार तल्लो पुँडिटार, झिँगटे ( जनजागृति मावि ) तगरेगौंडा सडक | १३ मिटर, केन्द्रविन्दुबाट | (१०+२.०) मिटर | जिल्ला स्तरिय सडक भएकोले सोहि अनुसार |
| २ | वाँदरकोट झन्ज्याङ्ग हुँदै मनिलडाँडा पाण्डेथुम गैरागाँऊ निर्मलपोखरि कृस्ती सडक | १० मिटर | ( ७.५+ २.० ) मिटर | जिल्ला स्तरिय सडक भएकोले सोहि अनुसार |
| ३ | पुल्चोक बरेलिचोक सडक | ३० फिट | ( ६ + २.० ) मिटर | |
| ४ | पुल्चोक भगवति चौतारा सडक | ३० फिट | ( ६ + २.० ) मिटर | |
| ५ | पुल्चोक पानिटंकि सडक | ३० फिट | ( ६ + २.० ) मिटर | |
| ६ | पुल्चोक कालिकास्थान सडक | ३० फिट | ( ६ + २.० ) मिटर | |
| ७ | पुल्चोक पुरानो बसपार्क सडक | ३० फिट | ( ४ + २.० ) मिटर | |
| ८ | पुल्चोक सगरेतरा हुदै खहरे जोड्ने सडक | ३० फिट | ( ४ + २.० ) मिटर | |
| ९ | भगवतिचौतारा गैरागाँऊ सिँगारेबास प्युरिदोवान सडक | २० फिट | ( ५ + २.० ) मिटर | |
| १० | चैनपुर (पानिटंकि) देउरालि मनिलडाँडा वरपौवा चवादि सडक | २० फिट | ( ५ + २.० ) मिटर | |
| ११ | बरेलिचोक जुके मनियलडाँडा लाङदि सुरौदि सडक | २० फिट | ( ३ + २.० ) मिटर | |
| १२ | गण्डकिबेसि ठुलढुङ्गा ठाँटिभन्ज्याङ सडक | २० फिट | ( ३ + २.० ) मिटर | |
| १३ | ठुलोपाखा ढाँडखोला आँपुकस्यारि भन्ज्याङ सडक | १५ फिट | ( ३ + २.० ) मिटर | |
| १४ | गैरागाँऊ देखि चण्डि मावि सम्म नमुना मार्ग | १५ फिट | ( ३ + २.० ) | |

| | | | | |
|---|---|---|---|---|
| | | | मिटर | |
| १५ | दोविल्ला वागमारा तिक्लाङ्ग वाँदरकोट लामगादि छप्लाङ्ग ऊपल्लो पुँडिटार तल्लो पुँडिटार, झिँगटे ( जनजागृति मावि ) तगरेगौंडा सडक सँग जोडिने अन्य सडकहरु | १५ फिट | ( ३ + २.० ) मिटर | |
| १६ | दोवान चवादि हुदै तनहु जाने सडक | २० फिट | ( ३ + २.० ) मिटर | |
| १७ | पशुपतिघाट पुल देखि पुल्चोक भगवति चौतारा जोड्ने सडक | | ( ६ + २.० ) मिटर | |
| माथि उल्लेख नभएका अन्य सडकहरुको मापदण्डको सम्बन्धमा न्युनतम ( ३ मिटर + २.० मिटर ) रहने छ | | | | |

निर्णय नं. १३ नक्शापास प्रयोजनका लागि जग्गाको क्षेत्रफल गणना गर्दा ROW छाडि बाँकी रहेको सेट ब्याक सहितको जग्गालाई समेत लिई Ground Coverage ratio लिने निर्णय गरियो ।

निर्णय नं. १४ यस नगरपालिका क्षेत्र भित्र पर्ने ताल नदि खोला नहर तथा कुला र डिलहरुमा तपशिल बमोजिमको मापदण्ड कायम गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | प्राकृतीक श्रोत | छाड्नु पर्ने दुरी (मी.) | कैफियत |
|---|---|---|---|
| १ | ताल (वेगनास र रुपा) | १०० | जग्गाको सतहको बनोट बमोजिम नाप्ने |
| २ | अन्य वाँकी तालहरु | ५० | जग्गाको सतहको बनोट बमोजिम नाप्ने |
| ३ | सेति नदि | १५ | नापी नक्शानुसार खोला घरको जग्गा छुट्याई |
| ४ | बिजयपुर खोला | १२ | नापी नक्शानुसार खोला घरको जग्गा छुट्याई |
| ५ | खुदि खोला, तालखोला, आपुखोला | ७ | नापी नक्शानुसार खोला घरको जग्गा छुट्याई |
| ६ | अन्य खोला तथा खोल्सा | ६ | नापी नक्शानुसार खोला घरको जग्गा छुट्याई |
| ७ | नहर(सडक मापदण्ड नभएका) | ६ | नापी नक्शाबाट |
| ८ | कुलो | १ | नापी नक्शाबाट |
| **डिल भिर** | | | |
| ९ | ५ मी सम्म उचाई | १ | फिल्डको वनोट अनुसार डिल बाट नाप्ने |
| १० | ५ देखि १० मी सम्मको उचाईमा | २.५ | फिल्डको वनोट अनुसार डिल बाट नाप्ने |
| ११ | १० देखि १५ मी सम्मको उचाईमा | ५ | फिल्डको वनोट अनुसार डिल बाट नाप्ने |
| १२ | १५ देखि २० मी सम्मको उचाईमा | ७ | फिल्डको वनोट अनुसार डिल बाट नाप्ने |
| १३ | २० मी देखि माथिको उचाईमा | १० + प्राबिधिक सिफारिस | फिल्डको वनोट अनुसार डिल बाट नाप्ने |

निर्णय नं. १५ संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट तयारपारिएको वस्ती बिकास, शहरी योजना तथा भवन निर्माण संबन्धि आधारभुत मागदर्शन २०७२, लेखनाथ नगरपालिकाको जग्गा बिकास कार्यबिधि २०७२ र लेखनाथ नगरपालिकाको नक्शापास कार्यबिधि २०७२ आजैका मिति देखि लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. १६. भवन निर्माण संहिता -२०६० यसै आ.ब. देखि लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ यस नगरपालिकाको २१ औं नगरपरिषदबाट पारित वार्षिक नगर बिकास योजना २०७२/०७३ मा योजना तथा कार्यक्रमहरुको खर्च श्रोत उल्लेख हुन नसकेकोमा उल्लेखित २१ औं नगरपरिषदबाट पारित योजना तथा कार्यक्रमहरुको अनुसुचि-क अनुसारको खर्च श्रोत सम्बन्धि बिबरण पारित गर्ने निर्णय गरियो ।